## सर्वोच्च अदालतबाट जारी गरिएको सूचना

सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६।१२।०७ मा भएको निर्णय अनुसार अदालतका नियमित काम कारवाही र सेवा प्रवाह सीमित गरीएको मिति २०७६।१२।०९ देखि बन्दाबन्दी (लकडाउन) खुलेको मिति सम्मको अवधिलाई न्यायिक कामकारवाहीको प्रयोजनको लागि शून्य अवधि मानी सो अवधिमा हदम्याद, म्याद, तारिखलगायतको गणना नगर्ने, बन्दाबन्दी खुलेको मितिले बाटाको म्यादबाहेक ३० (तीस) दिनभित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारिख नगुज्रिने गरी सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा आदेश भएको र नेपाल सरकारको मिति २०७६।१२।०९ को निर्णयले मिति २०७६ साल चैत्र ११ गतेदेखि लागू भएको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७ साउन ६ गते मंगलबार (तदनुसार २०२० जुलाई २१) मध्यरातपछि अन्त्य गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७ साउन ५ गते निर्णय भएको सन्दर्भमा बृहत पूर्ण इजलासको उल्लिखित आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकूल असर नपर्ने गरी देहायबमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।०३।२३ को निर्णयको आधारमा जिल्लाभित्र (काठमाडौं उपत्यकाको हकमा उपत्यकाभित्र) मात्र यात्रुवाहक सार्वजनिक यातायात मिति २०७७।०४।०८ बाट सञ्चालनमा आएको सन्दर्भमा जिल्लाभित्रका सम्बन्धित अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनु पर्ने अवस्थाका सोही जिल्लाभित्र रहनुभएका सेवाग्राहीहरू मिति २०७७।०४।०८ गतेदेखि बाटाको म्यादबाहेक ३० दिनभित्र उपस्थित हुन।

२. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।०४।०५ गतेको निर्णयको आधारमा लामो वा छोटो दुरीका निजी तथा सार्वजनिक यात्रुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उडान २०७७ भदौ १ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेको अदालत वा न्यायिक निकायमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु २०७७ भदौ १ गतेदेखि बाटाको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन।

३. सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको उल्लिखित आदेश र नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०४/०५ को निर्णय अनुकूल हुनेगरी उच्च अदालत / इजलास, जिल्ला अदालत तथा न्यायाधिकरणहरुले सेवा प्रवाह सुचारु गर्ने सम्बन्धमा सूचना जारी गरेको भए सोही सूचना बमोजिम हुने।

४. बन्दाबन्दी खुलेपछि सर्वोच्च अदालतको कामकारवाहीका सम्बन्धमा पहिलो तीनदिन आन्तरिक तयारीको कार्य गरिने लगायतको व्यवस्थापन तथा जोखिम न्यूनिकरणलगायतका विषयमा तयार भएको कार्यतालिकासहितको कार्ययोजना यसैसाथ रहेको व्यहोरासमेत अनुरोध छ।

मिति २०७७।०४।०८

देवेन्द्र ढकाल